बैठक सं.

आज मिति २०७९ साल माघ १३ गतेका दिन बिहान ८ बजे यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा तपशिलको कार्यपालिका सदस्यहरुको उपस्थितिमा विविध विषयमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थितिः

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेशचन्द्र श्रेष्ठ | नगर प्रमुख | |
| २ | गिता खड्का | उप प्रमुख | |
| ३ | पदम लाल मगर | १ नं. वडाध्यक्ष | |
| ४ | प्रेम बहादुर क्षेत्री | २ नं. वडाध्यक्ष | |
| ५ | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष | |
| ६ | भुपेन्द्र सिंह तामाङ्ग | ४ नं. वडाध्यक्ष | |
| ७ | मोहन बहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष | |
| ८ | प्रेम बहादुर मगर | ६ नं. वडाध्यक्ष | |
| ९ | सुविन ढुङ्गाना | ७ नं. वडाध्यक्ष | |
| १० | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष | |
| ११ | बेग बहादुर आले मगर | ९ नं. वडाध्यक्ष | |
| १२ | क्षेत्र बहादुर खड्का | १० नं. वडाध्यक्ष | |
| १३ | अनन्त हायु | ११ नं. वडाध्यक्ष | |
| १४ | यम्बर बहादुर कटुवाल | १२ नं. वडाध्यक्ष | |
| १५ | शम्भु श्रेष्ठ | १३ नं. वडाध्यक्ष | |
| १६ | अम्बर बहादुर मगर | १४ नं. वडाध्यक्ष | |
| १७ | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८ | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९ | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१ | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२ | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| २३ | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४ | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५ | अनिल किराती | प्रमुख प्रशासकीय अधिकृत | |
| २६ | मोहन बहादुर पौडेल | अधिकृत छैठौं | |
| २७ | डोरनिधि सुवेदी | सहलेखापाल | |
| २८ | | | |
| २९ | | | |

**एजेन्डाहरु**

१. नगर खेलकुद विकास समितका पदाधिकारी नियुक्ति सम्बन्धमा
२. तिल्केचौरको बस्ती सम्बन्धमा
३. सञ्चार ऐन तर्जुमा सम्बन्धमा
४. कार्यक्रम संशोधन सम्बन्धमा
५. विविध

**निर्णयहरु**

१. कार्यपालिकाले स्वीकृत गरेको नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधि २०७९ बमोजिमको नगर खेलकुद विकास समितिमा कार्यपालिकाले नियुक्त गर्नुपर्ने सदस्यहरुमा तपशिलका व्यक्तिहरुलाई नियुक्ति गर्ने निर्णय गरियो ।

तपशिल

उपाध्यक्ष - राजकुमार थापा

सदस्य - विक्रम राई

सदस्य - उजिर बुढाथोकी

सदस्य - सुस्मा गरुङ

२. तिल्केचौरको बस्ती सम्बन्धमा २०७८ सालको वर्षाले कटारी नगरपालिका वडा न. १० को तिल्केचौरमा बस्ती नजिक जमिन चिरा परी बस्ती जोखिममा परेको र खानी तथा भूगर्भ विभागबाट समेत भौगोलिक क्षेत्रको जाँच भइसकेको, नगरले बस्ती स्थानान्तरणको काममा सहयोग गर्न केही बजेट पनि विनियोजन गरेको लगायतका विषय तथा गतिविधिलाई समेटी तयार गरेको प्रस्तावना राष्ट्रिय विपद जोखिम न्यनीकरण तथा व्यवस्थापपन प्राधिकरण, सिहंदरबार काठमाडौमा पठाउने निर्णय गरियो ।

३. स्थानीय सरकार सञ्चालन २०७४ ले दिएको अधिकार बमोजिम नगरपालिकाको गतिविधिलाई नागरिक सम्म पुर्याउन नगर सञ्चार ऐन तर्जुमा गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

४. नगर सभा तथा कार्यपालिकाबाट निर्णय भएका चालु आवमा सञ्चालन हुने तपशिलका आयोजना तथा कार्यक्रमहरु सम्बन्धित वडाबाट संशोधनको लागि सिफारिस आएकोले सोही बमोजिम संशोधन गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

| वडा | साविकको आयोजना | बजेट रकम | संशोधित आयोजनाको नाम | बजेट रकम |
|---|---|---|---|---|
| ४ | कटारी अस्पताल मर्मत आयोजना | १५,००,००० | अस्पताल सुधार अन्तर्गत आलमुनियम पार्टिसन आयोजना | ७,२५,००० |
| | | | अस्पताल मर्मत सुधार फल्स सिलिङ आयोजना | ७,७५,००० |
| १३ | वडास्तरीय खानेपानी पाइप खरिद | १,००,००० | वडास्तरीय खानेपानी पाइप खरिद तथा इन्टेक निर्माण | १,००,००० |
| १४ | वडा भवन निर्माण साझेदारी कार्यक्रम | १०,००,००० | वडा कार्यालय भवन जग्गा खार्ने तथा निर्माण आयोजना | १०,००,००० |

५. विविध

क) मिति २०७९।१०।१० गते ढुगांना पुस्तक पसलले पेश गरेको लेखक विश्वराज ढुगाँनाको पुस्तक "परलोकको विमर्श" ७० थानको जम्मा रकम रु. ४५, ५००/- भूक्तानी गर्ने निर्णय गरियो ।

ख) मिति २०७९।१०।१५ र १६ गते श्री माध्यमिक विधालय मरुवा कटारी वडा नं. ४ मा विराटनगरको विराट अस्पतालको प्राविधिक सहयोग नगरको स्वास्थ्य शाखाको व्यवस्थापनमा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने भएकोले सो शिविरको लागि रु २५,०००/ उपलब्ध गराउने निर्णय गरियो ।

ग) चुरे उत्थानशील आयोजना अन्तर्गत यस नगरपालिकाको वडा नं. १-८ र १४ का नदी प्रणालीहरुलाई संरक्षण गर्ने कार्यक्रममा सम्बन्धित वडाले स्थानीय आदिवासी जनजातिहरुसँग आवश्यक समन्वय र सहयोग गर्ने निर्णय गरियो ।

घ) मिति २०७९।१०।१० गतेको कार्यपालिकाले साङ्छोलिङ गुम्बा रङरोगन आयोजनाको लागि नगरस्तरीय कार्यक्रमबाट रु. २,००,०००/- विनियोजन गर्ने निर्णय गरेकोमा प्राविधिक लगत इस्टिमेट बमोजिम नपुग हुने देखिएकोले सोही शिर्षकबाट रु ८०,०००। थप गरी एकैचोटी २,८०,०००/- मा सम्झौता गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

ङ) बाल विकास समाजको सक्रियतामा यस नगरपालिकाको वडा नम्बर ८, १० र ११ मा सञ्चालित जीविकोपार्जन तथा सामाजिक सुरक्षा (CLSP) project को अवधि यही जनवरीदिखि सकिएको र सो संस्थाले उक्त प्रोजेक्ट नगरपालिकालाई हस्तान्तरण गरेकोले सोको अन्य व्यवस्थापन नगरपालिकाले गर्ने निर्णय गरियो ।

च) श्रमको सम्मान, राष्ट्रको अभियान कार्यक्रम संचालनका लागि प्रधानमंत्री रोज़गार कार्यक्रमका लागि नगर साझेदारीबाट विनियोजित १० लाखको बाँकी बजेटबाट रु १,५०,००० /र सोही कार्यक्रमबाट वडा नं १२ मा संचालित आयोजनामा आवश्यक निर्माण सामग्री (ढुँगा ढुवानी गर्न) १,५०,०००/ विनियोजन गर्ने निर्णय ग़रियो ।

छ) भुमि शाखाको नियमित काम भूमिहिन सुकुम्बासीहरको लगत प्रविष्टको लागि नगरसभाबाट स्वीकृत भएको बजेट अपर्याप्त भएकोले सोही कार्यक्रमको विविध खर्चमा विनियोजित बजेटबाट अपुग रकम व्यवस्था गर्ने निर्णय गरियो ।

ज) नगरको प्रशासन शाखाबाट नगरबाट प्रवाह भइरहेको सेवाको प्रभावकारिता मापनको लागि नियमित संकलन गरिरहेको सेवाग्राही सन्तुष्टि फारामबाट प्राप्त परिणामलाई छलफल गरी आएका गुनासोहरुलाई आगामी दिनमा सुधार गर्दै लैजाने निर्णय गरियो ।

झ) नगरको स्वीकृत वार्षिक योजना अन्तर्गत अन्य कार्यालय सञ्चालन खर्च शिर्षकमा विनियोजित बजेट मालपोत कार्यालय, कटारीबाट पेश भएको कार्यक्रममा खर्च हुने गरी सो कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

ञ) आजको बैठकमा अन्य प्रस्ताव नभएकोले समापन भएको र आगामी बैठक यही माघ १८ गते बस्ने निर्णय गरियो ।